# मधेश आन्दोलनमा बारा जिल्लामा भएका घटनाको स्थलगत अध्ययन प्रतिवेदन २०६३

**प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३**


मानव अधिकार सन्धी अनुगमन सम्वनय समिति
काठमाण्डौ

## घटना अध्ययन टोलीको नामावली

१. नारायण अधिकारी  ईनहुरेड ईण्टरनेशनल  काठमाण्डौं
२. रोशन राज अर्याल इन्सेक प्रतिनिधि बारा
३. विपिन गौतम  इन्सेक प्रतिनिधि रौतहट
४. प्रेम कार्की इन्सेक प्रतिनिधि पर्सा

**घटना भएको मितिः ०६३ माघ २ गते देखि  फागुन १५ गते सम्म**
**अध्ययन गरिएको स्थानः बारा, पर्सा र रौतहट**
**अध्ययन गरिएको मितिः ०६३ फागुन २३ देखि २९ गते**

# घटना भएको जिल्लाको  नक्शा



नेपाल अधिराज्यको मध्यमान्चल विकास क्षेत्र अन्तर्गत नारायणी अन्चलको ५ जिल्ला मध्ये एक बारा जिल्ला लाई ४ संसदिय निर्वाचन क्षेत्रमा एक नगरपालिका र ९८ गाउँ विकास समितिहरुमा विभाजित गरिएकोछ । ११९० वर्ग किलोमिटरमा फैलिएको यस जिल्ला समुन्द्र सतहबाट १५२ मि.देखि ९१५ मिटरको उचाईमा अवस्थित छ । पुरुष ३१८९५७ र महिला ४१५७१८ गरि जम्मा जनसंख्या ५५९१३५ रहेको छ । साक्षरता प्रतिशत ४२.३५ रहेको यस जिल्लाको मानव विकास सुचकांक ०.३०९ रहेको छ। यस जिल्लामा मातृभाषा भोजपुरी भएका जनसंख्या ७२.४५ प्रतिशत रहेको छ भने नेपाली मातृभाषा भएका जनसंख्या १२.६१ रहेकोछ। धर्मको हिसावले हिन्दु धर्मालम्वीहरु ८१.९% बौद्ध धर्मालम्वीहरु ४.५%, ईस्लामधर्मालम्वीहरु ८.१% र ५.५% अन्य धर्मालम्वीहरु रहेको यस जिल्लामा सवै धर्मालम्वीहरु मिलेर वसि रहेको पाईन्छ।

## घटनाको सारांश

देश कै सम्पुर्ण तराईका जिल्लामा मधेसी जनअधिकार फोरमले शुरु भएको आन्दोलनले वारा जिल्ला पनि अछुतो रहन सकेन । बारा जिल्लाको सदरमुकाम कलैया लगायत जिल्लाको दक्षिण क्षेत्रमा मधेश आन्दोलन शुरु भयो । माघ २ गते देखि शुरु भएको मधेश आन्दोलनको समर्थनमा जुलुश सभा बृहद हुदै गएको थियो । सोहि जुलुस सभाको क्रममा २०६३ माघ १३ गते मधेशि जनअधिकार फोरम बाराले निकालेको जुलुसमा सहभागी भएका व्यक्तिहरुले कलैया नगर पालिका वडा नं. ४ स्थित महाकवि लक्ष्मी प्रसाद देवकोटाको सालिक तोडे पछि सो भिडले कलैया-६ भरत चोक स्थित भरत वहादुर श्रेष्ठको सालिक तोडफोड गरेपछि सोहि भिडले कलैया-६ घण्टाघर कम्पाउण्ड भित्र रहेको अनावरण हुन वांकी नै रहेको शहिदहरु (गंगालाल, धर्मभक्त,शुक्रराज,दशरथचन्द) को सालिक समेत तोडे । सो घटना पछि जम्मा भएको भिडलाई हटाउन सशस्त्र प्रहरीले भरतचौकमा सयकडौ राउण्ड अश्रुग्याँस चलाएको र सो पछि भरतचौक देखि पुर्व दुर्गा टेण्ट हाउसको अगाडि करिव ३ वजेतिर सशस्त्र प्रहरीले गोली चलाउँदा कलैया ८ निवासि २५ वर्षिय सेख असरफ भन्ने अव्दुल असरफको मृत्यु भयो । त्यस पछि जिल्ला प्रशासन कार्यालय बाराले दिउसो ४ वजे देखि कर्फ्यु आदेश जारे गरेपछि भिड छरिएको थियो । माघ १४ गते कर्फ्यु जारी रहेता पनि मृतकको दाह संस्कार गर्न दिउसो २ वजे जम्मा भएका करिव १५ हजारको भिड ले दाह संस्कार गरि फर्कने क्रममा अनियन्त्रित भिड कलैया ४ देवकोटा चौकमा आइपुगेपछि सशस्त्र प्रहरी र आन्दोलनकारीको मुठभेट भएपछि सशस्त्रले केहि राउण्ड अश्रुग्यास र हवाईफायर गर्दापनि भिड नियन्त्रण भन्दा वाहिर गएपछि सशस्त्र प्रहरीले गोली चलाएको थियो । सो गोली लागी फेटा-१ जगतपुरका २४ वर्षिय मजिर महमद मन्सुरलाई पेटमा गोली लागी घाइते भएकोमा अस्पताल लग्दा लग्दै वाटोमा मृत्यु भयो भने कलैया-८ वस्ने १८ वर्षिय प्रदीप जयसवाल, उत्तर भिटकैया का २७ वर्षिय सुरेन्द्र प्रसाद कुसवाहा लगायत का प्रर्दशनकारी घाइते भए । यसको विवरण अनुसुचिमा उल्लेख गरीएको छ । त्याँहा वाट छरिएको भिडले भुमि सुधार कार्यालय, भु संरक्षण कार्यालय, नापी कार्यालयका फर्निचरहरु आगजनी गरेको र त्यस पछि नेपाली कांग्रेस (प्र) को र नेकपा एमाले पार्टि कार्यालयको भवनमा आगजनी गरिनुका साथै फर्निचरहरु नोक्सानी गरेको देखियो । ( आगजनीवाट क्षती भएको विवरण अनुसुचि-२ मा उल्लेख छ । )

# घटना विवरण

वाराको सदरमुकाम कलैयामा २०६३ माघ १२ गते मधेशि जनअधिकार फोरमका कार्यकर्ताहरुले नारा जुलुस गर्दै सशस्त्र प्रहरी रहेको जिल्ला विकास समितिमा पुगि ढंगामुढा गर्न थालेपछि सशस्त्र प्रहरीले अश्रुग्यास र हवाई फायर गर्दा भिड तितरवितर नभएकाले प्रहरीले चलाएको रवर गोलीले १ जना सामान्य घाईते भएका थिए । माघ १३ गते का दिन आन्दोलनकारीले नारा जुलुस सहित कलैया नगर पालिका वडा नं. ४ स्थित महाकवि लक्ष्मी प्रसाद देवकोटाको सालिक तोडे पछि सो भिडले कलैया ६ भरचौक स्थित भरत वहादुर श्रेष्ठको सालिक तोडेको र पछि सोहि भिडले कलैया ६ घण्टाघर कम्पाउण्ड भित्र रहेको अनावरण हुन वांकि नै रहेको शहिदहरु (गंगालाल, धर्मभक्त,शुक्रराज,दशरथचन्द) को सालिक समेत तोडे । सो भिड अनियन्त्रित भए पछि राष्ट्रिय वाणिज्य वैंक सुरक्षार्थ वसेका सशस्त्र प्रहरीले सयकडौं राउण्ड हवाई फायर गरेको र भिड नियन्त्रण भन्दा वाहिर गएकाले सशस्त्रले दिउसो करिव तीन वजे गोली चलाउँदा उक्त गोली लागी कलैया ८ का २५ वर्षिय सेख असरफ भन्ने अव्दुल असरफको नाकको डाँडिमा गोली लागी मृत्यु भयो भने अन्य घाइतेलाई कलैया अस्पताल लिएर गएकोमा उपचार हुन नसक्ने भनिए पछि बीरगंज लान गाडिको खोजि हुदां अस्पतालको जिपमा लैजाउ भन्दा ड्राइभर नभएको भने पछि भिडले उक्त जिप आगो लगाएको र सोहि नजिक ग्यारेजमा रहेको नेपाल क्षयरोग निवारण संस्थाको एम्वुलेन्सलाई जाउं भन्दा विग्रेको भने पछि उक्त एम्वुलेन्समा पनि आगो लगाएको पाइयो । सो आगो निभाउन आएको कलैया नगर पालिकाको दमकलमा समेत सामान्य तोडफोड गरिएको र भिड नगरपालिका गई तहां रहेको एम्वुलेन्समा पनि तोडफोड गर्न थाले पछि सो एम्वुलेन्सले विरामी लगेको र भिडले नगरपालिकामा समेत तोडफोड गरेको पाइयो ।



शहिद असरफ अलि अंसारी



मजिर महमद मन्सुर



माघ १४ गते मृतकको लाश दाह संस्कार गर्न कर्फ्युकै समयमा कलैया वडा नं. ३ तर्फ लगिएकोमा लाश सदगत गरी फर्कदा करिव १५ हजारको भिडले उत्तेजक नारा लगाउदै फर्कने क्रममा कलैया ४ स्थित देवकोटा चौकमा दिउँसो करिव ५ वजेतिर सशस्त्र प्रहरी र आन्दोलनकारी विच दोहोरो ढुंगाहाना हानहान पछि प्रहरीले अश्रुग्यास र केहि राउण्ड हवाई फायर गरेको थियो सो हानाहानमा प्रदर्शनकारी र सुरक्षा निकाय तर्फ केहि घाईते भए घाइतेहरुको नामावली अनुसुचि १क र १ख मा उल्लेख छ । ढुङ्गा हानाहान पछि प्रहरीले गोली चलाएको थियो ।

उक्त घटनामा फेटा-१ जगतपुरका मजिर महमद मन्सुरलाई पेटमा गोली लागी मृत्यु भएको र अन्य घाइते भएकोमा निजहरु मध्ये गोली लागेकाहरुलाई नारायणी उप क्षेत्रिय अस्पताल बीरगंज लगिएको मध्ये केहीलाई हेलिकप्टर वाट काठमाण्डौं लागिएको र अरुलाई वीरगंज र कलैया अस्पतालमा उपचार गरीयो । आन्दोलनकारीले नेपाली कांग्रेस प्र. को पार्टी कार्यालयका केहि फर्निचर आगजनी गरे, जिल्ला भु संरक्षण कार्यालयका झय़ाल ,फर्निचर, कागजातहरु आगजनी गरिएको, भुमि सुधार कार्यालय, नापी शाखा, नेकपा एमालेको पार्टी कार्यालय लगायतको फर्निचरहरु, र कागजातहरु आगजनी गरिएको पाइयो । भिडले गरेको



...च २ मा उल्लेख छ

...ो १ थान वन्दुक र १५० राउण्ड गोली र ३ वटा म्यागजीन ...कार्यालय अगाडि जलाएको, गोली र म्यागजीन हाल सम्मपनि ...हरी कार्यालय वाराले जनाएको छ ।

...ाका आठ दलका केहि नेता, ... आएको जानकारी प्राप्त भयो । माघ १५ गत कान्तिपुरका बारा सम्वाददाता शंकर आचार्य, बीरगंज एफ एम का कलैया सम्वाददाता पवन यादव , नागरिक समाज वाराका संयोजक राम कृष्ण काफले ले आफुलाई धम्की दिएको कारण देखाई सदरमुकाम छाडेको पाईयो । फोरमले निजहरुलाई धम्की नदिएको जनायो । माघ १४ पछि पनि लगातार कफ्र्यु लागीरहेकोमा माघ १५ गते देखि वारा जिल्लाको सदरमुकाममा कुनै अप्रिय घटना भएको पाईएन तर माघ १६ गते राती ७ वजेतिर नेकपा माओवादीका कार्यकर्ता र मधेशि जनअधिकार फोरमका कार्यकर्ता विच जितपुरमा गाडि चलाएको विषयमा भएको झडपमा माओवादी तर्फ एक जना र फोरम तर्फका १५ जना सामान्य घाईते भएको पाइयो ।



## घटना सम्वन्धमा सरोकारवालाको भनाई

**मृतक सेख असरफ भन्ने अव्दुल असरफको पत्नी शोभा राजवंशी कलैया-८ः-ः** मेरो पति आन्दोलनमा जानुभएको हो आन्दोलनको क्रममा प्रंहरिले ज्यादती गरि गोली हानी हत्या गरेको हो । उनीहरुले खुट्टा तिर नहानी हत्या गर्ने उद्देश्यले नै गोली चलाएका हुन । दोषीलाई कार्यवाहि गरिनुका साथै मेरा यी एक छोरा र एक छोरी नावालक वच्चाहरुको नाममा क्षतिपुर्ति रकम लगायतको सुविधा पाउनु पर्दछ ।

**मृतक सेख असरफ भन्ने अव्दुल असरफका वुवा अव्दुल मदिन कलैया-८ः-** मेरो छोरालाई यथाशिघ्र शहिद घोषणा गरिनु का साथै सरकारले तत्काल क्षतिपुर्ति दिनु पर्दछ ।

**मृतक मजिर महमद मन्सुर का वुवा सरिफ मिया फेटा-१ः-** मेरो छोरा मधेशको हितका लागी आन्दोलनमा होमीएको हो । यसकारण निजको हत्या गर्नेलाई दोषी घोषणा गरी कारवाहि गरिनु पर्छ । मृतकलाई शहिद घोषणा गरिनु पर्छ । शहिदले पाउने सवै सुविधा हामीले पाउनु पर्छ । क्षतिपुर्ती रकम यथाशिघ्र पाउनु पर्दछ ।

**घाईत सुरेन्द्र कुशवाहा उत्तर भिटकैयाः-** म आन्दोलनको जुलुसमा गएको थिएं । हामी शान्तिपुर्ण जुलुस गर्दै थियौ । हामी संयमित नै थियो तर पनि प्रहरीले गोली चलाउन थाल्यो । गोली चलाउन अघि लाठी चार्ज गरेन । अश्रु ग्याँस चलाएको थियो । हवाई फायर गरेको हो । त्यसै वेला प्रहरीले अन्धाधुन रुपले गोली चलाए र त्यहि गोली मेरो देव्रे खुट्टाको घुडांमा लाग्यो । मलाई वीरगंज पछि उपचारको लागी काठमाण्डौ लगियो, काठमाण्डौमा मलाई औषधीको खर्च मधेशि विद्यार्थिहरुले उठाएको रकम वाट पाइएको हो । सरकारको तर्फ बाट मेरो कुरुवालाई दैनिक १५०। का दरले दिइएको थियो । अव घरमा काम गर्ने म मात्र हु । यसकारण मलाई घाउ निको निहुन्जेल उपचार खर्चका लगायत पुर्ण अवधिको क्षतिपुर्ति पाउनु पर्छ ।

**घाईते जितेन्द्र यादवका वुवा हुलास प्रसाद यादव सित्तलपुरः-** मेरो छोरा उपचारको क्रममा हाल सम्म बीर अस्पताल काठमाण्डौंमा रहेको छ, आन्दोलनको समर्थनमा गएको हो । उसलाई प्रहरीले कोखा र दाहिने हातको नाडिमा गोली हानेको हो । उसको उपचार अझै काठमाण्डौमा हुदैछ । उसको उपचार खर्च पुर्ण रुपले पाउनु पर्छ उसले घाईतेले पाउनु पर्ने सम्मान पाउनु पर्छ । उपचार खर्च र क्षतिपुर्ति पाउनु पर्ने मेरो मांग रहेको छ । साथै कमाउने छोरा नै घाइते भएकोले घरको आर्थिक अवस्था कमजोर हुदै गएको छ । उसकै पत्नी र ३ छोरा कै खर्च धान्न हामीलाई गाह्रो परिरहेकोछ ।

श्याम योगी शाखा प्रवन्धक राष्ट्रिय वाणिज्य बैक कलैया : मेरो।

**प्रमुख जिल्ला अधिकारी भोला प्रसाद शिवाकोटी,बाराः-** जिल्लाको शान्ति सुरक्षा कायम गराउनु हाम्रो कर्तव्य रहेको र हामीले कार्यालयहरु आगजनी हुंदा सालिकहरु तोडिदा, अस्पतालको गाडी, एम्वुलेन्स हरु आगजनि हुदा सम्म संयमता अपनाउनु सम्म अपनाइएको हो । १३ गते रा वा वैंक नै लुटिने स्थिती भए पछि हामीले अश्रृ ग्यास, हवाई फायर आदि गर्दा पनि भिड नियन्त्रणमा आउन नसकेको अवस्थामा वाध्य भै सामान्य वल प्रयोग गर्दा पनि मानविय क्षति हुन गएकोमा हामी स्वयं दुखि छौ र १४ गते को हकमा कर्फ्युको समय हुदा पनि हामीले सके सम्म भिड आ आफ्नो घर फर्कुन भनेर त्यत्ति कडा नगर्दा नगर्दै पनि पार्टी कार्यालयहरु आगजनी हुन थालेको प्रहरीहरु अनियन्त्रीत भिडका विचमा परेको र कर्फ्युको समय रहेता पनि हामीले अश्रृग्यास, हवाई फायर गर्दा पनि भिडको तर्फ वाट ढुंगामुढा गर्ने प्रहरीलाई नै मार्न खोज्ने हतियार खोस्ने जस्ता कार्यहुन लागे पछि प्रसाशनले सामान्य वल प्रयोग गर्दा पनि दुखद घटना हुन गएको प्रति हामी अन्यन्त दुखि छौ ।

**प्रहरी उपरिक्षक मधु पुडासैनी,जि.प्र.का बाराः-** कर्फ्युको समयमा कर्फ्यु उलंघन गरेर ड्युटिमा रहेका प्रहरी लाई घेराउमा पारि प्रहरीमाथी ढुङ्गा मुढा र रडले हिर्काउने आन्दोलनकारी को तर्फवाट गोली समेत चलेको अवस्थामा प्रहरीले स्थानिय प्रशासनको आदेशमा स्थिती नियन्त्रणमा लिन को लागी कानुन वमोजिमको न्युनतम बल प्रयोग गरिएकोहो ।

**सशस्त्र प्रहरीबल भद्रकाली गण पिलुवा बाराका नायव उपरिक्षक धर्मानन्द सापकोटाः-** शान्तिपुर्ण जुलुसलाई हामीले सहयोग गर्ने दायित्व रहेकोमा लाठीफट्टा सहित भई जुलुस उश्रृंखल र उत्तेजक भएको र नोक्सानीका घटनाहरु हुन लागेको , जनधनको नोक्सानी हुन लागेकोले स्थानिय प्रशासनले वाध्य भै सामान्य बल प्रयोग गर्नु पर्दा घटना घटन गएको हो र १४ गते कफ्र्युको समय समेत रहेको थियो ।

**प्रत्यक्षदर्शी लुकेश सिंह कलैया न.पा.ः-**माघ १३ गते भरतचौकमा प्रदर्शनकारीहरुले सालिकहरु तोडफोड गरि सकेपछि पनि जुलुस छरिएको थिएन एक जुट नै रहेको थियो । त्यसै वेला जुलुसलाई तितरवितर गर्न प्रहरीले अश्रृग्यास धेरै नै चलायो र त्यस पछि हवाई फायर गर्ना साथ गोली चलाई हाल्यो र मानिस मर्न गएको हो । मानिसहरुलाई गोली लाग्ना साथ भिड भरतचौक वाट  अस्पताल तर्फ गयो र त्यहां रहेको जिप र एम्वुलेन्सले विरामी ओसार्न भन्दा चालक छैन र विग्रेको छ भन्नासाथ हुलले उक्त जिप र एम्वुलेन्समा आगो लगाई दिएका थिए र त्यहि भिड नगरपालिका समेत गएर तोडफोड गरेको थियो । माघ १४ गते असरफ लाई शदगद गरेर फर्केको करिव विसौ हजारको जुलुस फर्कदा उत्तेजक नारा लगाउदै आएका थिए । देवकोटा चौकमा प्रहरी संग मुठभेड भयो, ढुंगा हानाहान भयो र प्रहरी कम थिए भिड वढि थियो , प्रहरीले अश्रुग्यास र हवाईफायर पछि गोली चलाउन थाल्यो । पेटमा गोली लागी फेटाका मजिर महम्मद मंसुरको त्यहि मृत्यु भयो भने अरु गोली लागी घाईते भए । घाईतेहरुलाई अस्पताल लिएर गइयो । भिड गएर नेपाली काग्रेस (प्र) को कार्यालय र नेकपा एमाले पार्टी कार्यालयमा आगजनी गरेको हो ।

## निचोड तथा सुझाव

- मधेसी जनअधिकार फोरमले सन्चालन गरेको आन्दोलन शान्तीपूर्ण भनिएतापनि पछिल्लो समयमा हिंसात्मक रुपमा अगाडि वढेको पाइयो ।
- आन्दोलनका क्रममा राष्ट्रिय विभूतिहरुको शालीक, सरकारी कार्यालयहरु, पार्टी कार्यालयहरु  तथा व्यक्तीको घरहरुमा आगजनी  गरेको अवस्थामा प्रहरीले सामान्य वल प्रयोग गर्दापनि भिड नियन्त्रण नभएकाले अत्यधिक वल प्रयोग गरेको पाइयो ।
- कर्फयूको समयमा आन्दोलनकारीले कर्फयू उल्लंघन गर्दै प्रर्दशन गरेको देखियो ।
- प्रहरीले केहि स्थानमा पूर्व चेतावनी विना गोली चलाएको पाइयो । गोली चलांउदा पनि सामान्यतयः घुँडा मुनी हान्नु पर्नेमा ताकेर आन्दोलनकारीको टाउको, पेट र छातीमा गोली हानीएको देखिन्छ ।
- स्थानिय प्रशासनले माघ १३ गते दिंउसो ४ वजे देखि कर्फयू लगाएकोमा कर्फयू लगाउनु अगाडि नै ३ः३० वजे नै अव्दुल असरफलाई गोली प्रहार गरिएको र निजको मृत्यू भएको पाइयो ।
- प्रहरीको तर्फवाट जथाभावि गोली प्रहार गरीएकाले घाइतेहरु धेरै संख्यामा रहेको पाइयो । घाइतेहरुलाई उपचार गर्न राज्यको तर्फवाट सहयाोग गरेको देखिएन ।
- 

अनुसुचि १ क. मधेशि जन अधिकार फोरमको कार्यक्रममा घाईते भएका व्यक्तिहरुको नामावाली (प्रदर्शनकारीहरु)

अनुसुचि १ ख. मधेशि जन अधिकार फोरमको कार्यक्रममा घाईते भएका सुरक्षा तर्फ (सशस्त्र प्रहरी र जनपथ प्रहरी) घाईतेहरुको नामावली

शसस्त्र तर्फ :-

| सि.नं | घाइतेको नाम | घट्ना मिती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | स.प्र.ज. कन्हैया साह | ०६३/१०/१३ | भद्रकाली गण पिलुवा, बारा | उपचार पछि फर्केको । |
| २. | रि.स.प्र.ज. सुनिल चौधरी | ,, ,, ,, | ,, ,, | ,, |
| ३. | स.प्र.व.ह. तिलक वाइवा | ०६३/१०/१४ | ,, ,, | ,, |
| ४. | प.प्र.ज. लोक व. वोहरा | ,, ,, ,, | ,, ,, | ,, |

श्रोतः- शसस्त्र प्रहरी भद्रकाली गण, पिलुवा वारा ।

जनपद प्रहरी तर्फ

| सि.नं | दर्जा | घाइतेको नाम | दरवन्दी | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्र.ना.नि. | धन वहादुर गुरुङ्ग | स.प्र.गण रातोमाटे | स.प्र.गण रातोमाटे, मकवानपुर | सामान्य |
| २. | ,, | योगेन्द्र प्रताप सिंह चौहान | ई.प्र.का कडरवाना, सप्तरी | जि.प्र.का वारा | ,, |
| ३. | ,, | जंग वहादुर पुलामी | जि.प्र.का. वारा | प्र.चौ. मटिअर्वा वारा | ,, |
| ४. | ,, | चन्द्र वहादुर सुनुवार | ,, ,, | जि.प्र.का. वारा | ,, |
| ५. | प्र.स.नि. | नारद मुनी ठाकुर | " " | जि.प्र.का. बारा | " |
| ६. | " | धन प्रसाद पौडेल | प्र.चौ.पिपरपाती बारा | " " | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | प्र.ह. | कृष्ण बहादुर ठकूरी | सि.प्र. चौ. छतवा बारा | ,, ,, | ,, |
| ८. | ,, | खेम परियार | ई.प्र.का. कवही बारा | ,, ,, | ,, |
| ९. | ,, | गोर बहादुर श्रेष्ठ | | ,, ,, | ,, |
| १०. | ,, | तुला बहादुर मगर | | ,, ,, | ,, |
| ११. | प्र.ज. | वलिराम गिरी | ई.प्र.का. निजगढ बारा | ,, ,, | ,, |
| १२. | ,, | रामानन्द पटेल | सि.प्र.चौ. छतवा बारा | ,, ,, | ,, |
| १३. | ,, | दिपेन्द्र श्रेष्ठ | वि.सु.गार्ड जि.प्र.का. वारा सिमरा बारा | ,, ,, | ,, |
| १४. | ,, | रामबाबु राउत कुर्मी | जि.प्र.का. बारा | ,, ,, | ,, |
| १५. | ,, | नारायण रानाभाट | के.प्र.वि. कार्यदल सिमरा बारा | ,, ,, | ,, |
| १६. | ,, | वसन्तराज घिमिरे | ,, ,, | ई.प्र.का. सिमरा | ,, |
| १७. | ,, | कुन्दन कुमार सिँह | जि.प्र.का.बारा | जि.प्र.का.बारा | ,, |
| १८. | ,, | घनश्याम थापा | प्र.चौ.पिपरपाती | ,, ,, | ,, |
| १९. | ,, | लगन तामाङ्ग | स.प्र.से. बारा | ,, ,, | ,, |
| २०. | ,, | भागीरथ भुषाल | ई.प्र.का. महेन्द्र आदर्श बारा | ,, ,, | ,, |
| २१. | ,, | दिल बहादुर मिरिचिङ्ग मगर | प्र.चौ. वेलदारी | ,, ,, | ,, |
| २२. | ,, | कन्हैया साह | प्र.चौ.मटिअर्वा बारा | प्र.चौ. मटिअर्वा बारा | ,, |
| २३. | ,, | तारा प्रसाद अधिकारी | ,, ,, | ,, ,, | ,, |
| २४. | ,, | सचिन्द्र साह | ,, ,, | ,, ,, | ,, |
| २५. | ,, | लखिन्द्र पासवान | | जि.प्र.का.बारा | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | ,, | | | | |

**अनुसुचि २. मधेशि जन अधिकार फोरमको कार्यक्रमको बेला भएको बाराको सरकारी, गैर सरकारी कार्यालयहरुको क्षति विवरण**

| क.सं. | क्षति हुने निकाय,व्यक्ति को नाम ठेगाना | क्षेतिको संक्षिप्त विवरण | **मुल्याङ्गन गरिएको रकम** | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला जनस्वास्थ्य कार्यालय, बारा, कलैया । | बा. अ. भ्ह. ३४५१ नं. को टोयटा जिप तोडफोड गरी जलाई क्षति गरेको । जिप राख्ने ग्यारेज तोडफोड । | ७,००,०००/- | गाडी मुल्याङ्गनको लागि यस जि.मा मे.ई. नभएकोले उपलब्ध हुन नसकेको |
| २. | जिल्ल भू संरक्षण कार्यालय, (बारा) कलैया | फर्निचर, टेलिफोन सेट समेत तोडफोड गरी जलाई क्षति गरेको | ४७६२०/- | - |
| ३. | शिक्षक तालिम केन्द्र,बारा, कलैया | साईनबोर्ड लगाएत तोडफोड गरी क्षति गरेको | ५०००/- | - |
| ४. | कलैया न.पा. कार्यालय, कलैया,बारा | कलैया न.पा. कार्यालयको एम्बुलेन्स र दमकल तोडफोड गरी क्षति गरेको | २२१५००/- | गाडी मुल्याङ्गनको लागि मे.ई.यस जिल्लामा नभएकोले उपलब्ध हुन नसकेको |
| ५. | नापी शाखा, बारा, कलैया | कार्यालय तोडफोड गर्नुका साथै फर्निचर, कागज पत्र समेत तोडफोड, आगजनी गरी क्षति गरेको | १०८९२९।५६ | - |
| ६. | नेपाल क्षयरोग निवारण संस्था, बारा कलैया | भारतीय दुतावासबाट सहयोग प्राप्त एम्बुलेनस आगो लगाई | १२०००००/- १३,१८२/१८ | गाडी मुल्याङ्गनको लागि मे.ई. यस जिल्लामा नभएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | क्षति गरेको र सो राख्ने ग्यारेज तोडफोड गरी क्षति गरेको | | उपलब्ध हुन नसकेको |
| ७. | खानेपानी संस्थान, कलैया, बारा | कार्यालय तोडफोड | ३,४९६/३९ | |
| ८. | नेकपा एमाले कार्यालय कलैया | कार्यालय तोडफोड र आगजनी | ५,६३,४६४/- | |
| ९. | नेपाली कांग्रेस (प्र.) | ,, ,, | १,०३,७२५/- | |
| १०. | भरत वहादुर मल्लको शालिक, भरत चौक कलैया | तोडफोड | नखुलेको | |
| ११. | महाकवि लक्ष्मी प्रसाद देवकोटाको शालिक , देवकोटा चोक कलैया | तोडफोड | ,, | |
| | | | | |